नेपालको संविधान जनताको संविधान

# " जनताको संविधान जनताकै माझमा "

कार्यक्रम सैनामैना नगरपालिकामा सम्पन्न

राष्ट्रिय स्तरमा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको आयोजनामा मिति २०७२ मंसिर २० गते बाट शुभारम्भ गरिएको **"जनताको संविधान जनताकै माझमा** "कार्यक्रम यस सैनामैना नगरपालिकामा २०७२/९/२० गते सबै वर्ग क्षेत्रका जनताको उत्साह जनक उपस्थितिमा सम्पन्न भयो। सैनामैना नगरपालिकाका कार्यकारी अधिकृत रोमनाथ न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा कार्यकारी अधिकृतले सहभागिलाई स्वागत गर्दै जनताले अधिकार दिई पठाएका प्रतिनिधिबाट बनेको संविधान सभा द्धारा जारि भएकोले यो संविधान जनताको संविधान हो र यसले सबै वर्ग ,जाती, भाषा, लिङ्ग , सांस्कृति, धर्म,क्षेत्रका जनतालाई समृद्धि बनाउन अधिकार सुनिश्चित गरेको छ र संविधानका यी विषयवस्तुहरु जनतामाझ पुऱ्याउनु कार्यक्रमको उद्देश्य रहेको वताउनु भयो। संघिय ,प्रान्तीय र स्थानीय तहको राज्य संरचनामा संविधान बाट सबै तहको अधिकार सुनिश्चित गरेको र स्थानीय सरकारलाई संविधानमा नै अधिकार दिएको वताउनु भयो। र मा.सांसद सदस्य भक्तिप्रसाद पाण्डेको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्नु भयो।

कार्यक्रमका अतिथि पुनरावेदन वार वुटवलका अध्यक्ष मिना पाण्डेले यो संविधानले जनतालाई ३१ वटा मौलिक हकहरुको व्यवस्था गरेको र जनताको कर्तव्य पनि व्इवस्था गरेकोले आफ्ना अधिकार प्राप्त गर्नेले कर्तव्य पनि पुरा गर्नु पर्ने कुरामा जोड दिनुभयो विश्वकै लोकतान्त्रीक विधि संविधान सभा वाट बनेको यो संविधान परिर्वनशिल छ। महिला लगायतका सबै वर्गका अधिकार सुनिश्चित भएकोले कार्यान्वयन पक्षमा जोड दिन आवश्यक रहेको बताउनु भयो।

नेपाली काग्रेसका जील्ला सदस्य फणिन्द्र प्रसाद शर्माले संविधान परिवर्तनसील छ र लोकतान्त्रिक मुल्य मान्यता बोकेको छ भन्ने कुरामा जोड दिदै सार्वभौम सत्ता जनतामा निहित रहनु र राष्ट्रिय अखण्डता सहिष्णुता स्वतन्त्रता ,मानव अधिकार ,सुशासन जस्ता कुराको प्रत्याभुति गरेकोले यो

संविधान उत्कृष्ट रहेको वताउनु भयो । नेकपा एमाले जिल्ला सदस्य चित्र वहादुर के.सी ले नागरिकताका वारेमा संविधान धेरै लचिलो रहेको र जुन महिला आन्दोलन ,मधेशी आन्दोलन को देन भएको वताउनु भयो । कुनै पनि नेपाली नागरिक नागरिता बाट वन्चित नहुने व्यवस्था संविधानले गरेको आमा वा बावु आमाको नामवाट नागरिकता प्राप्त गर्न सकिने ,गैर आवासिय नागरिकताको व्यवस्थाले लगानीको ढोका खलेको राज्यका विशिष्ट पदमा वशंको नागरिक मात्र पुग्न सक्ने बताउनु भयो ।

एनेकपा माओवादी का सैनामैना नगर संयोजक नारायण न्यौपानेले संघिय सरकार, प्रान्तीय सरकार र स्थानीय सरकारको अधिकार सहितको व्यवस्था भएको राज्यका सबै तहमा समावेशि सिद्धान्त अनुरुप प्रतिनिधित्व सुनिश्चित भएको संविधान सहमतीको दस्तावेज रहेको र परिवर्तनशिल रहेकाले समयानुकुल संसोधन गर्दै जान सकिने हुँदा यो उत्कृष्ट छ भन्नु भयो । ,राष्ट्रिय जनमोर्चाका जिल्ला उपाध्यक्ष कृष्ण बम मल्ल , राप्रपा नेपाल सैनामैना का अध्यक्ष इश्वरी घिमिरे लगायत ले वोल्दै नयाँ संविधानका विशेषताहरु वुझ्न नसक्दा देशमा असहज परिर्सथिती सृजना भएको वताउदै जनताको संविधान जनताकै माझमा अभियान प्रसंसनिय कार्य भएको वताउनु भयो ।

आदिवासी जनजातीको तर्फबाट रिम वहादुर श्रेष्ठले बोल्दै आदिवासी जनजातीका अधिकारको संविधानमा भएको व्यवस्था वारे स्पष्ट पार्नु भयो । दलितका अधिकार वारेमा कमला वि.क ले वोल्दै राज्यको सबै अङ्गमा समानुपातिक प्रतिनिधित्व ,दलित आयोग गठन जातयि भेदभावको अन्त्य लगायतका दलितका थुप्रैअधिकार रहेको वताउनु भयो । अपाङ्गको तर्फबाट डोलराज भण्डारीले अपाङ्गगता भएकालाई अधिकारको सुरक्षा ,शिक्षा , स्वास्थ्य ,रोजगारीको व्यवस्था अपाङ्गग आयोग जस्ता व्यवस्था रहेको वताउनु भयो । पत्रकार वालकृष्ण चापागाईले जनताका अधिकार लाई संविधानले समेटेको वताउनु भयो । कार्यालय सहायक कृष्ण के.सि. ले कार्यक्रमको संचालन गर्नु भएको थियो । अन्त्यमा सम्पूर्ण सहभागिलाई धन्यवाद दिदै कार्यकारी अधिकृतले कार्यक्रम समापन गर्नु भएको थियो ।